# अर्जुनचौपारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१

<u>प्रस्तावना:</u> अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ बमोजिम अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेकोछ।

<u>१.संक्षिप्त नाम र प्रारम्भ:</u> (१)यस ऐनको नाम अर्जुनचौपारी गाउँपालिका आर्थिक ऐन, २०८१ रहेकोछ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

<u>२. सम्पत्ति कर:</u> अर्जुनचौपारी गाउँपालिकाले अनुसूची(१ ) बमोजिम गाउँपालिका क्षेत्रभित्रका घर जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ। घरको मुल्याङ्कन अनुसूची (२) अनुसार घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ।

<u>३.भूमीकर:</u> अर्जुनचौपारी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकमा अनुसूची (५) बमोजिम भूमीकर लगाई असूल उपर गरिनेछ।भू-उपयोग बर्गीकरण पश्चात सोही बमोजिम हुनेछ।

<u>४. बहाल कर:</u> अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल, ग्यारेज,वर्कसप, गोदाम,टहरा,सेड,जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६)बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ।

<u>५. व्यवसाय कर:</u> अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग,व्यापार,व्यवसाय,सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति , संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोबार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ।त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग-अलग ईकाइ मानी असुल उपर गरिनेछ।

<u>६.जडीबुटी, कवाडी र जीवजन्तु कर:</u> अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुका व्यवसयिक कारोबार गरेवापत् गाउँकार्यपालिकाले तोके बमोजिम शुल्क लगाईनेछ।तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुने छैन।

**७.सवारी साधन करः** प्रदेश सरकारले तोके बमोजिम बाँडफाँडबाट गाउँपालिकालाई प्राप्त हुने सवारी साधन कर लगाई असुल उपर गरिनेछ।

**८.विज्ञापन करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिमको दरमा विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

**९. मनोरञ्जन करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

**१०. बहाल बिटौरी करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण,रेखदेख,वा सञ्चालन गरेको भवन, हाटबजार, पसल,मेलामा वा कुनै व्यक्ति,संघ/ संस्थाले सार्वजनिक ऐलानी ,प्रती जग्गामा बनाएको भवन,हाटबजार, पसलमा बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ। त्यस्तो शुल्क निर्धारण गर्दन गाउँपालिकाले सम्पत्ति कर मूल्याङ्कनलाई आधार मानिनेछ। तर बहाल बिटौरी कर बुझाएको रसिदलाई घरधनीले भोग गरेको घर आफ्नो नामको स्वामित्वमा रहेको प्रमाण मानिने छैन।

**११.सवारी साधन पार्किङ्ग शुल्कः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाघ पार्किङ्ग सुविधा उपलब्ध गराएबापत् सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ। त्यस्तो शुल्क गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले अर्जुनचौपारी गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ।

**१२.ट्रेकिङ्ग र र्याफ्टिङ्ग शुल्कः** अर्जुनचौपारी गाउँपालिक क्षेत्रभित्र ट्रेकिङ्ग र र्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत शुल्क लगाई असुल उपर गरिनेछ।त्यस्तो शुल्क गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**१३. सेवा शुलक् दस्तुरः** अर्जुनचौपारी गाउँपालिकाले निर्णय,सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

**१४.पर्यटन शुल्कः** अर्जुनचौपारी गाउँपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा गाउँकार्यपालिकाले तोकेबमोजिम दरमा प्रवेश शुल्क लगाई असुल उपर गरिनेछ।

**१५ जरिवानाः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहोरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एंवं प्रचलित कानून विपरितका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामि गरिनेछ।साथै अर्जुनचौपारी गाउँपालिका

गाउँकार्यपालिकाले समय-समयमा यस व्यवस्थामा थपघट पूनरावलोकन गर्न सक्नेछ। कर बक्यौतामा लाग्ने जरिवाना पुर्ण छुट मिनाहा हुनेछ।

<u>१६. घर जग्गा रजिष्ट्रेशा शुल्कः</u> अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम असुल उपर गरिनेछ।

<u>१७. कर तथा शुल्क संकलन कार्यविधिः</u> यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा ऐनसँग नबाझिने गरि कर तथा शुल्क संङ्कलन सम्बन्धि अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

<u>१८.अन्य व्यवस्थाः</u> अर्जुनचौपारी गाउँपालिका, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क,दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ, वडा कार्यालयबाट कर निर्धारण गरी असुल गर्दा वडा अध्यक्षको समन्वय गरिनेछ।तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन।

<u>१९.यसै ऐन बमोजिम भएको मानिनेः</u> यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम गरेको मानिनेछ।

<u>२०.नियम वा कार्यविधि बनाउन सक्नेः</u> अर्जुनचौपारी गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

<u>२१.साविक बमोजिम हुनेः</u> यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमोजिम र उल्लेखित नभएको हकमा सावि बमोविमनै शुनेछ।

<u>२२.बाधा अड्काउ फुकाउः</u> यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ।

<u>२३.खारेजीः</u> साविकमा अर्जुनचौपारी गाउँकार्यपालिकाले लागू गर्दै आएको व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन्।

आ.व २०८०/०८१ का लागि संशोधन भएका करका दरहरु निम्न छन् ।

अनुसूची -१

सम्पत्ति कर दरः

| भवन र जग्गाको मूल्य | जम्मा मुल्य | दर% | कर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| रु पाँच लाख सम्मको मूल्याङ्कन | | ०.०१० | | |
| रु पाच लाख देखि पचास लाख सम्म | | ०.०१५ | | |
| रु पचास लाख देखि१ करोड सम्म | | ०.०२० | | |
| रु १ करोड देखी २ करोड सम्म | | ०.०४० | | |
| रु २ करोड देखि ३ करोड सम्म | | ०.१०० | | |
| रु.३ करोड देखि ५ करोड सम्म | | ०.३०० | | |
| रु ५ करोड भन्दा माथि | | ०.४५० | | |

स्पष्टिकरणः

१.अर्जुनचौपारी गाउँपालिकाद्धारा आफ्नो क्षेत्रभित्रको सम्पत्ति कर लाग्ने भवनको अनुसूची (२),(३) र जग्गाको अनुसूची (४) मा उल्लेख भएको दरमा मूल्य निर्धारण गरी सो मूल्यमा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल गरिनेछ।भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्सा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ।

२.माथि बुंदा नं १ बमोजिम सम्पत्ति कर लाग्ने भवन र जग्गा बाहेक भवन नभएको बाँकी जग्गामा अनुसूची (५) को दरमा भूमिकर मालपोत लगाई असूल गरिनेछ।

३.सम्पत्ति कर निर्धारण प्रयोजनको लागि अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको दोब्बर क्षेत्रफल लाई अधिकतम बराबरको मूल्याङ्कनमा समावेश गरि कर निर्धारण गरिनेछ।

४.संयुक्त तथा सामुहिक आवासको सम्पत् कर निर्धारणः

(१)बहुतले सामुहिक आवाश(अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवाश (हाउजिङ) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक-पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक-पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरि असुल उपर गरिनेछ।

(क) बहुतले सामुहिक आवाश (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा घर जे-जति भएपनि क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरि हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट)को क्षेत्रफल कायम गरिनेछ।

(ख) बहुतले सामुहिक आवाश (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घर (अपार्टमेन्ट वा फ्ल्याट) को स्वामित्व बराबरको क्षेत्रफल मानि सोको दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ।

(ग) माथि खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम हुन आउने घर  र जग्गाको क्षेत्रफललाई आधार मानि स्वीकृत दर अनुसार मूल्याङ्कन गरि कर निर्धारण गरिनेछ।

(घ) संयुक्त आवाश (हाउजिङ्ग ) को जग्गाको क्षेत्रफलको हकमा राजीनामा वा हक हस्तान्तरणको लिखतमा उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ।

२) गाउँपालिकाले तोकेको अवधिभित्र सामुहिक आवाश वा संयुक्त आवाश निर्माण भएका आवाश बिक्रि नभई बाँकी रहेको स्टकमा सम्पत्ती कर लाग्नेछैन। तर अनुगमन गर्दा त्यसरी बिक्री नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्नेछ।

(३) नेपाल सरकार,प्रदेश सरकार वा गाउँपालिकाको स्विकृत लिई निर्माण भएको संयुक्त आवास वा सामुहिक उपभोगमा रहने बेचमेण्ट,बगैचा,पार्किङ्ग तथा सडक क्षेत्रमा सम्पति कर लाग्ने छैन।

(४) व्यावसायिक प्रयोजनका लागि निर्माण गरि बिक्री भएको (मल/सपिङ्ग कम्प्लेक्स/सपिङ्ग सेन्टर आदि)मा खरिद बिक्री हुने पसल,कोठातलाको हकमा समेत उपदफा (१) बमोजिम कर निर्धारण गरिनेछ।

(५) लिज सम्झौता बमोजिमको सम्पतिका कर लाग्नेः

(१) कुनै व्यक्ती वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तीले भवन आदि भौतिक संरचनाको निर्माण विकासर सम्वर्द्धन गरि भोग गरेको सम्पतिको कर तिर्नुपर्ने दायित्व सम्बन्धमा निजहरु बीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ,यदि सम्झौतामा स्पष्ट प्राबधान उल्लेख नगरिएको भएमा सम्पतिको भोग गर्ने वा लिजमा लिने व्यक्ती वा संस्थाले यस परिच्छेद बमोजिमको कर दाखिला गर्नुपर्ने छ।

(२) माथि उपदफा (१) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पति कर तिर्ने दायित्व सम्बन्धित जग्गाधनिको हुनेछ।

(३) प्रचलित नेपाल कानुन र यस परिच्छेद बमोजिम सम्पति कर छुट व्यक्ती वा निकायको जग्गामा व्यावसायिक प्रयोजनका लागि भवन निर्माण गरि उपभोग गरेको भए उक्त भवन र सो ले चर्चेको जग्गामा सम्पति भोग गर्ने व्यक्ती वा संस्थाबाट यस परिच्छेद बमोजिम सम्पति कर लगाई असुल उपर गरिनेछ।

(४) सम्पति कर छुट हुने व्यक्ती वा निकायको जग्गामा एउटा प्रयोजनका लागि बनाएको भवन सो प्योजन परिवर्तन गरि व्यावसायिक प्रयोजनमा प्रयोग गरेको पाईएमा कर अधिकृतले कर निर्धारण गरि कर असुल गर्ने छ।

(५)आर्थिक बर्ष २०८०/८१ को सम्पति कर असोज मसान्तर भित्र दाखिला गरेमा यस आर्थिक वर्षमा लाग्ने सम्पति करमा १० प्रतिशत छुट दिइनेछ।तर घर जग्गा करको बक्यौताको हकमा त्यस्तो छुट दिइनेछैन

## अनुसुची-२

### भवन मुल्याङ्कन दर

भवन बनोटको आधारमा भवनको मूल्याङ्कन दर देहाय बमोजिम कायम गरीएको छ ।

| क्र.सं | भवनको प्रकार र बनोट | भवनको मुल्याङ्कन दर |
|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै कच्ची घर | १ तलेको रु १५०/-<br>२ तले वा सोभन्दा बढी को हकमा न्युनतम र मुल्याङ्कनको रेट थपिंदै जाने |
| २ | प्रिफ्याब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | १७५०/- |
| ३ | भित्र बाहिर पाको ईटा र ब्लक वा ढुङ्गा सिमेन्टको जोडाई भएको भवन | २०००/- |
| ४ | स्टिल स्ट्रक्चर (ट्रस ) भवन | २१००/- |
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | २५००/- |

## अनुसुची -३

### भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्दती (straight line method )अनुसार हुनेछ । यसको गणना देहायबमोजिम हुनेछ ।

| क्र.सं | भवनको प्रकार र बनोट | बार्षिक ह्रास (प्रतिशत) | ह्रासकट्टी अवधि (वर्ष) |
|---|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै | २ | ३५ |
| २ | प्रिफ्याब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | ३ | २५ |
| ३ | भित्र बाहिर पाको ईटा र ब्लक वा ढुङ्गा सिमेन्टको जोडाई भएको भवन | १.५ | ५० |

| | | | |
|---|---|---|---|
| ४ | स्टिल स्ट्रक्चर (ट्रस ) भवन | २ | ३५ |
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १ | ७५ |

## अनुसुची -४

## सम्पत्ती कर प्रयोजनका लागि जग्गा मूल्याङ्कन

| मुख्य सडक | प्रति रोपनी |
|---|---|
| दरौंखोला बजारको पक्की बाटोसंग जोडिएको | ४५ लाख |
| दरौंखोला बजारको सहायक पक्की बाटो सँग जोडिएको | ४० लाख |
| दरौंखोला बजारको कच्ची बाटो सँग जोडिएको | ३० लाख |
| दरौंखोला बजारको भित्रिबाटो सँग जोडिएको | २५ लाख |
| **१.हेलु-आरुचौर सडक** | **प्रति रोपनी रु** |
| ठाडाखेत सीमाना-तीनघरे सम्मको मूल बाटो सँग जोडिएको | ४० लाख |
| तीनघरे-रापाकोट प्रहरी चौकी सम्म मूल बाटो सँग जोडिएको | १५ लाख |
| रापकोट चौकी – गाउँपालिका सिमाना सम्म मूल बाटो सँग जोडिएको | १० लाख |
| **२. पुतलीखेत – आरुचौर सडक** | |
| पुतलीबजार सीमानादेखी दरौं शिवालय मन्दिर सम्म मूल बाटो सँग जोडिएको | २० लाख |
| अर्जुनचौपारी – आग्रीखर्क सडक मूल बाटो सँग जोडिएको | १२.५ लाख |
| मल्काङ्ग – बयाले-पञ्चमुल मूल बाटो सँग जोडिएको | १५.५ लाख |
| अर्जुनचौपारी – राम्चे-तालपोखरी मूल बाटो सँग जोडिएको | १० लाख |
| अर्जुनचौपारी – नुवारभञ्याङ सडक मूल बाटो सँग जोडिएको | ४० लाख |
| थाउनुङ्ग – सिरिन्डाँडा-अख्ले-काउरे ग्रामिण सडक सँग जोडिएको | १० लाख |
| **वडा सडक** | |
| **१.अर्जुनचौपारी – लामडाँडा (वडास्तरीय सडक )** | |
| जिरो – भिकुवाखोला सम्म | ४० लाख |
| भिकुवाखोला-लामडाँडा गा.पा. सीमाना सम्म | १५ लाख |
| **२. अर्जुनचौपारी – दरौं** | १५ लाख |
| **भित्रि सडक** | |
| गाउँपालिका भित्रका सहायक कच्ची ग्रामिण सडक सबै | ३ लाख |

| | |
|---|---|
| ठाडाखेत-दारेगौंडा | १५ लाख |
| केवरेफाँट- पिपलडाँडा – माझपाटा हुँदै भिकुवा | १५ लाख |
| थापाथोक हुँदै दारेगौंडा | १५ लाख |
| वडारे-देवकोटा थर हुँदै सिमलचौर | १५ लाख |
| ठुलाचौपारी देखी केवरे हुँदै लामडाँडा सम्म | १० लाख |
| लामडाँडा- जुकेपानी | १५ लाख |
| तेर्सोबाटो देखि छहरे लामडाँडा | १० लाख |
| यस गा.पा अन्तर्गत गोरेटो ,सार्वजनिक डहर बाटोले छोएको जग्गाको हकमा अब्बल खेत बराबरको मूल्य कायम हुने।<br>यस गा.पा अन्तर्गत बाटो नभएको जग्गाको हकमा पाखो बराबरको मूल्य कायम हुने। | |

## अनुसुची -५

## भूमीकरको दररेट

### भूमीकर प्रयोजनको लागि खेती योग्य जमिनको मूल्याङ्कन

| साविक गा.पा. | खेत तर्फ रु प्रति रोपनी | | | | पाखा तर्फ रु प्रति रोपनी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
| आरुचौर | १००४३० | ९०७५० | ७९८६० | ७१३९० | ५०८२० | ४४७७० | ३९९३० | ३१४६० |
| अर्जुनचौपारी | १९९६५० | १५१२५० | १४०३६० | ११९७९० | ७९८६० | ७१३९० | ५०८२० | ४३५६० |
| पञ्चमूल | ११९७९० | ११०४७३ | ९०७५० | ७९८६० | ६०५०० | ५०८२० | ३९९३० | ४३५६० |
| रापाकोट | ११९७९० | १००४३० | ९०७५० | ७१३९० | ६०५०० | ५०८२० | ३९९३० | ४३५६० |
| दरौं | ११९७९० | १११३२० | ९०७५० | ७९८६० | ६०५०० | ५०८२० | ३९९३० | ४३५६० |

नोटः- भूमीकरको हकमा न्युनतम २ रोपनी सम्म रु १५, २ रोपनी भन्दा बढी जग्गा भएमा प्रति रोपनी रु १० का दरले वार्षिक रुपमा भूमी कर (मालपोत ) लिईनेछ ।

## अनुसुची -६

## बहाल करको दर

अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका कुनै व्यक्ति वा संस्थाले भवन ,घर, पसल, ग्यारेज, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहाल लगाएकोमा बहाल रकम  देहायबमोजिम बहाल संकलन गरिनेछ ।

१.करदाताले आफुले वहालमा लगाएको बहाल रकम स्वयं घोषणा गर्न सक्नेछ ।

२. करदाताले गरेको स्वयं घोषणा वा बहाल लिने दिने बित भएको सम्झौता बमोजिमको बहाल  दर वा कूल बहाल रकम सुत्रबाट कायम हुने दर अनुसारको बहाल रकम भन्दा बढी हुने आएमा स्वयं घोषणा वा सम्झौता अनुसारको रकमलाई बहाल-रकम मानी बहाल – कर असूल उपर गरिनेछ ।

३. उपदफा १ र २ बमोजिम बहाल  कर निर्धारण गर्न नसकिएमा प्रतिमहिना प्रतिवर्ग फिट न्यूनतम बहाल दर निर्धारण गर्दा देहायको सुत्रका आधारमा गरिनेछ ।

बहाल दर= जग्गाको प्रति आना मूल्य/१००००० + घरको प्रति वर्ग फिट मूल्य गुणक c/१००

४ उपदफा  ३ बमोजिम बहाल कर निर्धारण गर्दा सम्पत्ति कर प्रयोजनको लागि तोकिए बमोजिम कायम भएको जग्गाको प्रति आना मूल्य र घरको  बनोटको लागि तोकिए बमोजिम कायम भएको घरको प्रति वर्ग फिट मूल्यलाई आधार लिईनेछ ।

५. उपदफा ३ मा उल्लेखित सुत्रमा गुणक  निर्धारण गर्दा बहाल वा भाडामा उपलब्ध गराउने भवन घर पसल गोदाम टहरा जग्गा वा पोखरी वा अन्य सम्पत्ति रहेको स्थान  सडकसँगको अवस्था उपयोग व्यावसायिक  महत्व उपलब्ध सुविधाहरु घरको फिनिसिङ घरको बनौट प्लिन्थ-एरिया तला आदिलाई आधार लिई

(क) c( coefficient) 0.2 भन्दा कम नहुने र २.० भन्दा अधिक नहुने गरी कायम गरिनेछ ।

(ख) सूत्रमा उल्लेख भएको  c (coefficient ) प्रस्तावित दर निर्धारण गर्नका लागि प्रत्येक आर्थिक वर्षको बजेट निर्माण अगावै अर्जुनचौपारी गाउँपालिका राजश्व परामर्श समितिले सम्बन्धित वडाका जनप्रतिनिधिसँग परामर्श गरी सिफारिस गर्न सक्नेछ ।

६. कूल बहाल रकमको बार्षिक १० प्रतिशतका दरले बहाल कर लगाई असुल गरिनेछ ।

७. बहाल दर निर्धारण प्रयोजनका लागि गुणक (coefficient)  निम्न अनुसार कायम गरिएको छ ।

(क) क्षेत्रः दरौंखोला बजारको पक्की मुल बाटो हँदै सडकको दाँयाबाँया जोडिएको बहाल कर दर निर्धारण प्रयोजनका लागि गुणक (Coefficient ) कायम गर्ने।

(ख) क्षेत्र माथि उल्लेखित क्षेत्रहरु बाहेकका अन्य क्षेत्रहरुका लागि गुणक ( Coefficient-C2 ) कायम गर्ने

| प्रयोजन | गेरकC1 | गुणकC2 |
|---|---|---|
| व्यापारिक प्रयोजन | ०.२० | ०.२० |
| कार्यालय प्रयोजन | ०.३५ | ०.३० |
| आवासीय प्रयोजन | ०.५० | ०.४० |

**अनुसुची-७**
**व्यवसाय करको दररेट**

| क्र.सं | व्यवसायको विवरण | आ.व २०८०/०८१ का लागि प्रस्तावित कर/शुल्क | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| **१** | **पर्यटन उद्योग** | | |
| १.१ | होमस्टे | १००००/- | २०००/- |
| १.२ | होटल एण्ड लज | २०००/- | १०००/- |
| १.२ | रेष्टुरेण्ट | १५००/- | १०००/- |
| १.३ | खाजाघर | १०००/- | ५००/- |
| १.४ | पर्यटकीय क्षेत्र प्रवेश विद्यार्थी र अन्यलाई | २५/५० | |
| २ | **व्यापारिक वस्तु** | | |
| २.१ | खाद्यान्न तथा किराना | २०००/- | ७५०/- |
| २.२ | मदिरा तथा सुर्तिजन्य | ३०००/- | १०००/- |
| २.३ | फेन्सी (उनी धागो ,जुत्ता चप्पल ,श्रृंगार पसल) | २०००/- | ७५०/- |
| २.४ | पेट्रोल पम्प/आयल पम्प | १५०००/- | ५०००/- |
| २.५ | ईलेक्ट्रोनिक तथा ईलेक्ट्रिकल पसल/रेडियो विद्दुतीय सामाग्री , टि.भी , घडी मोवाईल, विक्री पसल | ३०००/- | १०००/- |
| २.६ | हेभी ईक्युपमेन्ट, वस, ट्रक ,कार, मोटरसाईकल ,टेम्पो ,साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र वर्कशप | ५०००/- | ३०००/- |
| २.७ | निर्माण सामाग्री (हार्डवेयर /रङ रोगन) | ३०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| २.८ | सुनचाँदी | ३०००/- | २०००/- |
| २.९ | सपिङ सेन्टर/डिपार्टमेन्टल स्टोर | ३०००/- | १५००/- |
| ३ | **अन्य सेवा** | | |
| ३.१ | फर्निचर पसल | ३०००/- | २०००/- |
| ३.३ | केवुल नेटवर्किङ | ५०००/- | ३०००/- |
| ३.४ | पुलवोर्ड (प्रति स्क्रिम ) | २०००/- | १०००/- |
| ३.५ | भिडियो गेम (प्रति स्क्रिम रु२००) | ५००/- | ३००/- |
| ३.६ | नर्सरी र फलफुलका विरुवा विक्रिवितरण | १०००/- | ५००/- |
| ३.७ | संस्थागत पेन्टर | १०००/- | ५००/- |
| ३.८ | तरकारी फलफुल/ थोक (होलसेल ) | २०००/- | १५००/- |
| ३.९ | तरकारी पसल (सानो ) | १०००/- | ५००/- |
| ३.१० | विज भण्डार | १०००/- | ५००/- |
| ३.११ | मासु पसल /माछ पसल | २०००/- | १०००/- |
| ३.१२ | कपडा सिलाई /टेलरिङ | १५००/- | १०००/- |
| ३.१३ | हेयर कटिङ | १५००/- | १०००/- |
| ३.१४ | आर्ट | २०००/- | १५००/- |
| ३.१५ | फोटो स्टुडियो | २०००/- | १५००/- |
| ३.१६ | रंगरोगन पसल | ३०००/- | २०००/- |
| ३.१७ | माछा फाराम | २०००/- | १०००/- |
| ३.१८ | भैंसी फाराम/बाख्रा/कुखुरा फाराम | १५००/- | १०००/- |
| ३.१९ | एकिकृत कृषि फाराम लगायत अन्य तरकारीजन्य फाराम/मौरी पालन | १५००/- | १०००/- |
| ३.२० | चस्मा पसल | १०००/- | ५००/- |
| ४ | **मर्मत संभार** | | |
| ४.१ | रेडियो, टिभि, घडी ,प्रेशर कुकर लगायत अन्य | २०००/- | १५००/- |
| ५ | **सेवा उद्योग** | | |
| ५.१ | ड्राईभिङ ईन्स्च्युट | २०००/- | १०००/- |
| ५.२ | सिनेमा हल | ५०००/- | ३०००/- |
| ५.३ | ल्याव तथा फोटो ग्राफी | २०००/- | १०००/- |
| ५.४ | मेडिकल पसल | २०००/- | ५००/- |
| ५.५ | व्युटी पार्लर छापाखाना | १०००/- | ५००/- |
| ५.६ | छापाखाना | ३०००/- | २०००/- |
| ६ | **कृषि तथा वनजन्य उद्योग** | | |
| ६.१ | कृषि वा वन पैदावारमा आधारित उद्योग, व्यवसाय फर्निचर | ४०००/- | २०००/- |
| ७ | **उर्जामुलक** | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य स्रोतहरु | २०००/- | १५००/- |

| | | | |
|---|---|---|---|
| ८ | **उत्पादन मुलक उद्योग** | | |
| ८.१ | पाउरोटी भण्डार /बेकरी | २०००/- | १५००/- |
| ८.२ | राईस मिल | १५००/- | १०००/- |
| ८.३ | आईसक्रिम उद्योग तथा पसल | १५००/- | १०००/- |
| ८.४ | कम्बाईन मिल | १०००/- | ५००/- |
| ८.४ | डेरी उद्योग | १५००/- | १०००/- |
| ९. | **वित्तिय सेवा** | | |
| ९.१ | वित्तिय सेवा र सहकारी संस्था/कृषि सहकारी संस्था | ५०००/- | ३०००/- |
| ९.२ | रेमिटेन्स सेवा | २०००/- | १०००/- |
| ९.३ | शाखा रहित बैंकिङ सेवा | १०००/- | ५००/- |
| ९.४ | शाखा रहित ईन्स्योरेन्स कम्पनी | २०००/- | १०००/- |
| १० | **स्वास्थ्य सेवा** | | |
| १०.१ | निजी तथा गैरसरकारी अस्पताल | ६०००/- | ४०००/- |
| १०.२ | नर्सिङ होम | ६०००/- | ४०००/- |
| १०.३ | क्लिनिक तथा ल्याव | ३०००/- | १५००/- |
| १०.४ | दाँत बनाउने पसल | ३०००/- | १५००/- |
| ११ | **शिक्षा सेवा**<br>**निजि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ मा वि मा वि र प्रा वि** | | |
| ११.१ | क्याम्पस | १५०००/- | १००००/- |
| ११.२ | मा.वि | १२०००/- | ७०००/- |
| ११.३ | आधारभुत | ७०००/- | ५०००/- |
| ११.४ | टाईपिङ कम्प्युटर  तथा भाषा प्रशिक्षण संस्था | २०००/- | १५००/- |
| ११.५ | सिलाई बुनाई पेन्टिङ कटिङ प्रशिक्षण | २०००/- | १५००/- |
| ११.६ | टेक्निकल ईन्स्चिच्युट | २०००/- | १५००/- |
| १२ | **निर्माण व्यवसाय** | | |
| १२.१ | निर्माण व्यवसायी  गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा ( दर्ता /नविकरण) | १५०००/- | १००००/- |
| १२.२ | निर्माण व्यवसाय सुचिकृत (अन्यत्र दर्ता भएका) | क वर्ग | १००००/- |
| | | ख वर्ग | ६०००/- |
| | | ग वर्ग | ४०००/- |
| | | घ वर्ग | २०००/- |
| १२.३ | नामसारी /ठाउँसारी | १५०००/- | |

| | | | |
|---|---|---|---|
| १३ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १३.१ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक, कविराज) | २५००/- | १५००/- |
| १३.२ | ल.फर्म | २५००/- | १५००/- |
| १३.३ | कन्सल्टेन्सी फर्म (ईन्जिनिय र ओ) | ७०००/- | ५०००/- |
| १३.४ | ज्योतिष | १०००/- | ५००/- |
| १३.५ | अडिटर फर्म सुचिकृत | १०००/- | |
| १३.६ | अन्य व्यवसाय सुचिकृत | २००/- | |
| १४ | **अन्य व्यवसाय** | | |
| १४.१ | कवाडी सामानको थोक विक्रेता | ३०००/- | २०००/- |
| १४.२ | टेण्ट हाउस | २०००/- | १५००/- |
| १४.३ | लाउण्ड्री पसल | १०००/- | ५००/- |
| १४.४ | मादल पसल | ५००/- | ३००/- |
| १४.५ | माटोको भाँडा बनाउने | ५००/- | ३००/- |
| १४.६ | मिठाई पसल र मिष्ठान्न भण्डार | १५००/- | १०००/- |
| १४.७ | ट्याङ्की पसल | १००० | ५००/- |
| १५ | **साना उद्योग** | | |
| १५.१ | कटिङ ढुङ्गा उद्योग | ३०००/- | २०००/- |
| १५.२ | ईट्टा भट्टा | ५०००/- | ३०००/- |
| १५.३ | ग्रिल उद्योग | ३०००/- | २०००/- |
| १५.४ | ब्लक उद्योग | ३०००/- | २०००/- |
| १५.५ | अन्य उद्योग /व्यावसाय | २०००/- | १५००/- |

| | | |
|---|---|---|
| नक्सापास /अभिलेखिकरण दस्तुर | | |
| १ | घर अभिलेखिकरण पक्की | प्रति वर्ग फिट रु६ |
| २ | घर अभिलेखिकरण कच्ची | ५००/- |
| ३ | नक्सापास निवेदन र नक्सापास किताब को रु | १०० र १०००/- |
| ४ | भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ५ |
| ५ | दोस्रो तलामा प्रति वर्ग फिट | ४ |
| ६ | तेस्रो तला र सोभन्दा माथि प्रति वर्ग फिट | ५ |

अस्थायी र छाप्रो निर्माण तर्दा अस्थायी नक्सा पास पेश गर्नु पर्नेछ । ५०० वर्ग फिट सम्मको लागि निर्माण दस्तुर रु ५०० र ५०० वर्ग फिट भन्दा बढी भएका छाप्रोको बढी हुन आउने प्रति वर्ग फसठ रु १ का दरले लिने । कुनै कित्तामा एक भन्द बढी छाप्रो बनाउन पर्ने भएमा सवै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।
नोट. औद्योगिक ग्राममा ठाउँसारी /दर्ता हुनेलाई औद्योगिक ग्राम सञ्चालन कार्यविधि अनुरुप हुने ।

**अनुसुची -८**

**विज्ञापन करको दररेट**

| क्र.सं | विवरण | दर रु.मा |
|---|---|---|
| १ | फ्लेक्स बोर्डबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ५०० |

| | | |
|---|---|---|
| २ | फ्लेक्स बोर्ड ग्लो साईन बोर्ड स्टिकरबाट गरिने विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ३५० |
| ३ | नियोग साईन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ५०० |
| ४ | सवारी साधनको दाँयाबायाँ पट्टीको भागमा बीस स्क्वायर फुटसम्म अस्थायी प्रकृतिको बोर्ड राखी गरिने विज्ञापनका लागि प्रति दिन | २०० |
| ५ | सवारी साधनमा स्थायी रुपमा लेखिएको वा छोपिएको प्रचार सामाग्री का लागि प्रतिवर्ष प्रतिवर्ग फुट | ३०० |
| ६ | खेलकूद मैदान र यस्तै प्रकृतीका अनुमति लिएर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत् सम्बन्धित आयोजकबाट | पहिलो दिन १००० |
| ७ | बेलुन ज्याकेट साईकल मोटरसाईकल प्रयोग गरि गरिने विज्ञापन वा डमी प्रचारमा प्रति गोटा प्रति दिन | २०० |
| ८ | विज्ञापन प्रयोजनको लागि ब्राण्ड कलरको हकमा प्रतिवर्गफिट प्रतिवर्ष | २०० |

(Sign Board )राखेमा नियमानुसार लाग्ने विज्ञापन करमा ७५ प्रतिशत छुट उपलब्ध गराईनेरेछ । तर एक भन्दा बढी वा १५ वर्ग फुट भन्दा ठुलो आकारको बोर्डमा छुट दिईने छैन ।

(ख) स्थानीय लिपि प्रयोग गरी गरिएका विज्ञापन /परिचयपाटीमा लाग्ने विज्ञापन करमा ९० प्रतिशत छुट प्रदान गरिनेछ ।

## अनुसुची-९
## सेवा शुल्क दस्तुर

सिफारिस दस्तुर

| क्र.सं | सिफारिसको विवरण | आ.व २०८०/०८१ को प्रस्तावित दर |
|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २०० |
| २ | नागरिकता ऐन अनुसार जन्मको आधारमा गरिने नागरिकता सिफारिस | ५०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिस | ३०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ३०० |
| ६ | नागरिकताको ठेगाना सिफारिस | २०० |
| ७ | नाता प्रमाणित नेपाली | २०० |
| ८ | नाता प्रमाणित अंग्रजी | ५०० |
| ९ | विद्दुत जडान सिफारिस (सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने) | २०० |
| १० | विद्दुत जडान थ्रिफेज (सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने) | १००० |
| ११ | नाम थर जन्म मिति संशोधन नाम छुट तथा दुई नाम एकै सिफारिस | ५०० |
| १२ | कन्सुलर प्रमाणित दस्तुर | २०० |

| | | |
|---|---|---|
| १३ | सर्जमिन मुचुल्का गर्नुपर्ने सिफारिस | ५०० |
| १४ | जन्ममिति प्रमाणित | २०० |
| १५ | विवाह प्रमाणित | २०० |
| १६ | अविवाहित प्रमाणित | २०० |
| १७ | व्यक्तिगत घटना दर्ता संशोधन सिफारिस | ५०० |
| १८ | घटना दर्ता प्रतिलिपि सिफारिस | ५०० |
| १९ | व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको | २०० |
| २० | जग्गा धनी श्रेस्ता कायम तथा प्रतिलिपि सिफारिस | २०० |
| २१ | जग्गाधनी पुर्जामा घर कायम सिफारिस | २०० |
| २२ | स्थायी तथा अस्थायी बसोबास सम्बन्धीं सिफारिस | २०० |
| २३ | घरजग्गा नामसारी सिफारिस | २०० |
| २४ | मोहि लगत कट्टा | ५०० |
| २५ | सम्बन्ध बिच्छेद भएको सिफारिस | १००० |
| २६ | पारिवारिक पेन्सन सिफारिस | ७०० |
| २७ | हकवाला संरक्षक सिफारिस | २०० |
| २८ | नक्कल प्रमाणित दस्तुरः मालपोत रसिद समेत | २०० |
| २९ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | ५०० |
| ३० | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० |
| ३१ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| ३२ | घरनक्सा नामसारी | ५०० |
| ३३ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसि | १२०० |
| ३४ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ३०० |
| ३५ | घर पाताल प्रमाणित | ५०० |
| ३६ | निजी क्षेत्रमा रुख कटान सिफारिस | १००० |
| ३७ | जग्गा दर्ता सिफारिस निषेधित बाहेक प्रति रोपनी | १००० |
| ३८ | मिलापत्र दस्तुर | १००० |
| ३९ | न्यायिक निवेदन दस्तुर | १०० |
| ४० | नाबालक परिचयपत्र सिफारिस | २०० |
| ४१ | जिवितै सिफारिस | ५०० |
| ४२ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क |
| ४३ | व्यक्तिगत घटना दर्ता ३५ दिनपछि | २०० |
| ४४ | दलित जनजाति आदिवासी सिफारिस | २०० |
| ४५ | कर क्लियर सिफारिस | ५०० |
| ४६ | छात्रवृत्ती सिफारिस स्वदेश अध्ययन | निशुल्क |
| ४७ | छात्रवृत्ती सिफारिस वैदेशिक अध्ययन | ३०० |
| ४८ | पूर्वाधार उपभोक्ता संस्था दर्ता | २००० |

| | | |
|---|---|---|
| ४९ | सामाजिक संघसंस्था दर्ता | १००० |
| ५० | खानेपानी जडान सम्बन्धी सिफारिस | १०० |
| ५१ | **उद्योग दर्ताको लागि सिफारिस,** | |
| | (क) साना | १००० |
| | (ख)मझौला | १५०० |
| | (ग)ठुला | २००० |
| ५२ | उद्योग ठाउँ सारी सिफारिस | १००० |
| ५३ | निजी विद्यालय सञ्चालन तथा थप अनुमतिको सिफारिस | |
| | (क ) वाल विकास केन्द्र सञ्चालन अनुमति | १५०० |
| | (ख) आधारभुत विद्यालय | २००० |
| | (ग) मा.वि. | ३००० |
| | (घ ) स्नातक/स्नाकोत्तर | ८००० |
| ५४ | सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस | |
| | (क) बाल विकास केन्द्र सञ्चालन अनुमति | ५०० |
| | (ख) आधारभुत विद्यालय | १००० |
| | (ग) मा.वि. | १५०० |
| | (घ) स्नातक/स्नातकोत्तर | २००० |
| ५५ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ५०० |
| ५६ | चारकिल्ला सिफारिस/ १० कित्ता सम्म न्युनतम (सो भन्दा माथि प्रतिकित्ता रु २० का दरले | ५०० |
| ५७ | घरबाटो सिफारिस | ५०० |
| ५८ | संस्था दर्ता सिफारिस | ५०० |
| ५९ | घर ढलान गर्दा बाटो प्रयोग सम्बन्धी सिफारिस | ५०० |
| ६० | नक्शा प्रमाणित | १००० |
| ६१ | भवन निर्माण अनुमतिपत्रको प्रतिलिपी | ५०० |
| ६२ | व्यवसाय दर्ता सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ६३ | विपन्न नागरिक सिफारिस/गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरुको परिचयपत्र सम्बन्धी आर्थिक अवस्था कमजोर भई निशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरुमा सिफारिस दस्तुर छुट दिईनेछ । | निशुल्क |
| ६४ | माथि उल्लेखित भएका बाहेक सबै प्रकारका सिफारिस | ३०० |
| ६५ | कोटेसन फाराम शुल्क | आ.प्र.नि |
| ६६ | टेण्डर फाराम शुल्क | आ.प्र.नि |
| ६७ | अमिन दस्तुर | प्रति कित्ता २०००, थप कित्ता रु ३०० |
| ६८ | गाउँपालिका सभा हल भाडा | प्रति दिन२५००/- |
| ६९ | वडा कार्यालय सभा हल भाडा | प्रति दिन १०००/- |
| ७० | ढुङ्गा र मिसकट | रु १२०० प्रति टयाक्टर |
| ७१ | वालुवा | रु १५०० प्रति टयाक्टर |
| ७२ | कटिङ्ग ढुङ्गा खोलाको | रु १००० प्रति जिप |
| ७३ | कटिङ ढुङ्गा (खानीको)सानो /ठुलो छाप्ने | रु २००० प्रति जिप |
| ७४ | कटिङ्ग ढुङ्गा (खोलाको) | रु.२५०० प्रति टयाक्टर |
| ७५ | कटिङ ढुङ्गा (खानीको) सानो /ठुलो छाप्ने | रु ४००० प्रति टयाक्टर |
| ७६ | कटिङ्ग ढुङ्गा (खोलाको) | रु२५ पैसा प्रति पिस |
| ७७ | कटिङ ढुङ्गा (खानीको) | रु ५० पैसा प्रति पिस |
| ७८ | आफ्नै जग्गाबाट निकालेको ढुङ्गा | रु ६०० प्रति टयाक्टर |
| ७९ | माछा जाल प्रयोग गरी | रु ३०० प्रति दिन |
| ८० | माछा बल्छी प्रयोग गरी | रु १०० प्रति दिन |
| ८१ | घुम्ती रुपमा संचालन हुने सिरक,डसना उद्योग | रु ५०० प्रति दिन |
| ८२ | अन्यत्र दर्ता भई दैनिक रुपमा यस पालिका भित्र विक्रि वितरण गर्न आउने खाद्यान्न, फलफुल, तरकारी,पाउरोटी र चाउमिन बाहेकका बस्तु विक्रि वितरण गर्ने ट्रक, कन्टेनर, टयाक्टर | रु५०० प्रति दिन |
| ८३ | अन्यत्र दर्ता भई दैनिक रुपमा यस पालिका भित्र विक्री वितरण गर्न आउने | रु५०० प्रति दिन |

| | | | |
|---|---|---|---|
| | खाद्यान्न, फलफुल, तरकारी, पाउरोटी र चाउमिन बाहेकका वस्तु बिक्रि वितरण गर्ने ट्रक, कन्टेनर, ट्याक्टर | | |
| ८४ | अन्यत्र दर्ता भई दैनिक रुपमा यस पालिका भित्र विक्रि वितरण गर्न आउने खाद्यान्न, फलफुल ,तरकारी, पाउरोटी र चाउमिन बाहेकका बस्तु बिक्रि वितरण गर्ने जीप, भ्यान | | रु ३०० प्रति दिन |
| ८५ | अन्यत्र दर्ता भई दैनिक रुपमा यस पालिका भित्र विक्रि वितरण गर्न आउने खाद्यान्न, फलफुल ,तरकारी, पाउरोटी र चाउमिन बाहेकका बस्तु बिक्रि वितरण गर्ने मोटरसाईकल | | रु १५० प्रति दिन |
| सूचीकरण शुल्क | | | |
| सि.नं | विवरण | दर्ता | नविकरण |
| १ | जीप | ५००० | ३००० |
| २ | ट्याक्टर | ५००० | ३००० |
| ३ | बस | ५००० | ३००० |
| ४ | ट्रक | ५००० | ३००० |
| ५ | टेम्पो | ५००० | ३००० |
| ६ | माईक्रो | ५०० | ३००० |
| ८६ | ढुङ्गा गिटि बालुवा चोरी पैठारी निकासा गरेमा उक्त सामान जफत गरि प्रति ट्याक्टर जिप जरिवाना प्रथम पटक | | १५०००/- |
| | दोस्रो पटक | | २००००/- |
| | सो भन्दा माथि | | २५०००/- |
| ८७ | ढुङ्गा गिटि बालुवा चोरी पैठारी निकासा गरेमा उक्त सामान जफत गरि प्रति ट्रक जरिवाना प्रथम पटक | | २५०००/- |
| | दोस्रो पटक | | ३००००/- |
| | सो भन्दा माथि | | ३५०००/- |
| ८८ | सल्लाको खोटो | | प्रति के.जफ रु २/- |
| ८९ | काँचो छाला | | प्रित वटा रु २० |
| ९० | गाईभैंसी निकासी (प्रति गोटा) | | ५००/- |
| ९१ | भेंडा बाख्रा सुंगुर बंगुर निकासी | | १००/- |
| ९२ | सवारी रुट परमिट अनुमति | | ३०००/- |
| ९३ | सवारी रुट परमिट नविकरण | | १०००/- |

**एम्बुलेन्सको भाडादर**

| देखी | सम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अर्जुनचौपारी सदरमुकाम | हेलु | स्याङ्जा/वालिङ | पोखरा | पाल्पा | बुटवल | चितवन | काठमाण्डौ |
| | रु.५७५ | रु.१७२५ | रु.४०२५ | रु.५७५० | रु.८६२५ | रु.११५०० | रु.१६१०० |

- अर्जुनचौपारी सदरमुकाम भन्नाले अर्जुनचौपारी जिरो रिमालफेदी लगायत ,तीनघरे ,मजुवा ,सदरमुकाम चक्रपथको क्षेत्रलाई मानिनेछ। अर्जुनचौपारी सदरमुकामबाट अन्य वडाका स्थानहरुमा एम्बुलेन्स जाँदा प्रति किलोमिटर रु ८० का दरले थप भाडा लिईनेछ। अर्जुनचौपारी गाउँपालिकाको क्षेत्र भित्रबाट बिरामीले माथि तोकिएको स्थानमा एम्बुलेन्स प्रयोग गर्दा मात्र यो भाडादर लागू हुनेछ।
- अस्पतालबाट डिस्चार्ज भई फिर्ता भएका लागि पनि १०० प्रतिशत नै शुल्क लिईनेछ।

## पशु शाखातर्फ सेवा/शुल्क दररेट

| क्र.सं | सेवा प्रकार | | दस्तुर/शुल्क |
|---|---|---|---|
| १ | गोबर परीक्षण | | २०/- |
| २ | भेडा बाखा बड्क्यौला परिक्षण | | २०/- |
| ३ | गाई भैंसी पिसाब परीक्षण | | २०/- |
| ४ | बहर बन्ध्याकरण | | ५०/- |
| ५ | बोका बन्ध्याकरण | | २०- |
| ६ | सुंगुर बंगुर बन्धाकरण | | ३०/- |
| ७ | कुकुर बन्ध्याकरण | | ३०/- |
| ८ | कृतिम बन्ध्याकरण | गाईभैंसी | ५०० |
| | | बाखा/सुंगुर | २०० |
| ९ | गाई भैंसी दर्ता | | १५ |
| १० | भेडा बाखा दर्ता | | ५ |
| ११ | सुंगुर बंगुर दर्ता | | ५ |
| १२ | कुखुरा हांस दर्ता | | ५ |
| १३ | भेंडा बाखा खोप | | १० |
| १४ | सुंगुर बंगुर खोप | | १० |

| | | |
|---|---|---|
| १५ | पि.पि.आर. भेंडा बाखा | निशुल्क |
| १६ | रानीखेत खोप कुखुरा | २/- |
| १७ | कुखुरामा रेबिज खोप | निशुल्क |
| १८ | कुखुरामा डिस्टेम्पर खोप | १००/- |
| १९ | हाँस कुखुरा पोष्टमार्टम | २५/- |
| २० | गाई भैंसी पोष्टमार्टम | १५०/- |
| २१ | भेडा बाखा पोष्टमार्टम | १००/- |
| २२ | कुकुर बिरालो पोष्टमार्टम | २००/- |
| २३ | भडाल्नो फर्कने उपचार | १००/- |
| २४ | डिस्टोकिया उपचार | १००/- |
| २५ | जङ्गली जनावर पोष्टमार्टम | ३००/- |

# भू-सेवा केन्द्रसेवा शुल्क र दस्तुर

| क्र.सं | विषय | आ.व. २०८०/०८१ को लागि प्रस्तावित |
|---|---|---|
| १ | नामसारी | ५००/- |
| २ | दाखिल खारेज | ५००/- |
| ३ | संशोधन, प्रतिलिपि | १००/- |
| ४ | अंशबण्डा र अंश बुझेको भरपाई कि.का गर्नुनपर्ने | ५००/- |
| ५ | अंशवण्डा र अंश बुझेको भरपाई कि.का गर्नुपर्नेको | १०००/- |
| ६ | लिखित पारित राजीनामा, सट्टापट्टा, सगोलनामा दर्ताफारी छोडपत्र, बकसपत्र, दानपत्र कि.का.गर्नु नपर्नेमा | ५००/- |
| ७ | लिखित पारित राजीनामा, सट्टापट्टा,सगोलनामा दर्ता फारी, छोडपत्र, बकसपत्र, दानपत्र कि.का गर्नु पर्नेमा | १०००/- |
| ८ | सबै किसिमका बन्धकी लिखित रोक्का फुकुवा दुवै | २५०/- |